प्रेश विज्ञप्ती

**प्रहरी प्रधान कार्यालय**

**केन्द्रीय अनुसन्धान ब्यूरो**

मिति:-२०७३।१०।११ गते।

मिति २०७३।०९।२१ गते UAE दुबईबाट ल्याएको ३३ के.जी. ५७७.४० ग्राम सुन अवैध रुपमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट बाहिरी सके पश्चात् जिल्ला काठमाण्डौ का.म.न.पा. वडा नं. ८ तिलगङ्गा पिङलास्थानमा केन्द्रीय अनुसन्धान व्यूरोबाट खटिएको प्रहरी टोलीले पक्राउ एवं वरामद गरे पश्चात् बिभिन्न चरणमा उक्त अपराधमा संलग्न ७ जना अभियुक्तहरु पक्राउ भै अन्य अनुसन्धान जारी रहेको अवस्थामा बिभिन्न पत्रपत्रिका र अनलाईन मिडियाहरुमा अनुसन्धानलाई प्रभाव पार्ने ढङ्गले बिभिन्न व्यक्ति र संस्थाहरुको नाम प्रकाशित गर्ने र सि.आई.बि. ले ठुला अभियुक्तहरुलाई पक्राउ गर्ने आँट गरेन भनि संस्था र यसमा कार्यरत अधिकारी उपर लाञ्छना लगाउने ढङ्गले समाचार सम्प्रेषण भएकोमा यस व्यूरोको ध्यानाकर्षण भएको छ।

संगठित अपराधको यस मुद्दामा यस व्यूरोको अनुसन्धान उत्साहजनक रुपमा अगाडी बढीरहेको र यसमा संलग्न कुनै पनि व्यक्ति वा संस्था अनुसन्धानको दायरामा आउने नै भएकोले कुनै भ्रम नराख्न सबैमा बिनम्र अनुरोध गरिन्छ।

2073/10/11

(प्र.व.उ.)